जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०९ पृष्ठः ४ | २०८३ बैशाख १४ सोमबार (Monday 27 April 2026) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## ‘रेल सेवालाई व्यावसायिक बनाउन कार्गो सेवा विस्तार गर्नुपर्छ’




धनुषा, १३ वैशाख। नेपाल रेल विभागका महानिर्देशक हरिकुमार पोखरेलले रेल सेवालाई दिगो र व्यावसायिक बनाउन मालवाहक ( कार्गो) सेवा अनिवार्य विस्तार गर्नुपर्नेमा जोड दिएका छन्। आइतबार जनकपुरधाममा आयोजित छलफल कार्यक्रममा उनले मुलुकमा रेल्वे सेवा, वर्तमान अवस्था, भविष्यका सम्भावना र आवश्यक सुधारका उपायबारे प्रकाश पार्दै यात्रु ओसारपसार मात्रै नभई मालसामान ढुवानीलाई प्राथमिकतामा राख्नुपर्ने विचार व्यक्त गरे।

“रेल सेवालाई आत्मनिर्भर र नाफामुखी बनाउन मालवाहक सेवा विस्तार गर्नु आवश्यक छ”, उनले भने, “यसले राजस्व वृद्धि मात्र होइन, समग्र आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ।” महानिर्देशक पोखरेलले रेल पूर्वाधार विस्तार, आधुनिक प्रविधिको प्रयोग र सेवा गुणस्तर सुधारमार्फत नेपाल रेल्वेलाई प्रतिस्पर्धी बनाउने योजनामा सरकार अघि बढ्नुपर्नेमा जोड दिए। उनले निजी क्षेत्रसँगको सहकार्य, समन्वय र सहलगानीमार्फ सरकार अघि बढ्नुपर्ने आवश्यकता औँल्याए।

छलफलमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्रकुमार भण्डारीले रेल सेवाको प्रभावकारी सञ्चालनले मधेस प्रदेशको औद्योगिक र व्यापारिक विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे। उनले स्थानीय उद्योगी–व्यवसायीका आवश्यकताअनुसार सेवा विस्तार गर्नुपर्नेमा जोड दिँदै रेलमार्गलाई व्यापारिक ढुवानीका लागि उपयोगी बनाउने नीति आवश्यक रहेको विचार व्यक्त गरे।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष निर्मल चौधरी, प्रकाशचन्द्र साह, शिवशंकर साह, श्यामप्रसाद साहलगायतले रेल सेवाको दिगो विकासका लागि पूर्वाधार सुदृढीकरण, समयतालिका व्यवस्थापन र सेवा विश्वसनीयता बढाउन सुझाव दिएका थिए। उनीहरूले भारतसँगको रेल सञ्जाललाई प्रभावकारी रूपमा उपयोग गर्दै सीमा क्षेत्रको व्यापार प्रवर्द्धनमा जोड दिनुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा सहभागीहरूले नेपाल रेल्वेको समुचित व्यवस्थापन र दीर्घकालीन रणनीतिमार्फत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिने बताए। उनीहरूले रेल सेवा विस्तार भएसँगै धार्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गरे।

## खुला नाकाबाट सोझै वीरगन्ज भित्रिन्छ भारतीय तरकारी



पर्सा, १३ वैशाख। सीमावर्ती भारतीय बजार रक्सौलबाट लुकीछिपी वीरगन्जमा क्वारेन्टिन जाँच नगरिएका ताजा तरकारी भित्रिने गरेका छन्। वीरगन्जको सीमावर्ती बजार रक्सौलबाट पर्सा र बारा जिल्लासँग जोडिएका खुला सीमानाकाको फाइदा उठाउँदै दैनिक साइकलमार्फत ताजा तरकारी भित्रिने गरेको छ। यहाँ दैनिक ‘क्यारिङ’ गर्ने साइकल चालकले ताजा तरकारी र फलफूल वीरगन्ज ल्याउने गर्छन्।

–बाँकी तीन पेजमा

## सप्तरीका नापी प्रमुखलाई लाभग्राहीको गुनासो–‘लालपुर्जावापत कर्मचारीले घुस लिए’

डाक्नेश्वरी–९ मा लालपुर्जा वितरण कार्यक्रममा स्थानीयले ५ देखि १४ हजार रुपैयाँसम्म घुस लिएको आरोप लगाउँदै कर्मचारीमाथि आक्रोश व्यक्त गरे।

**विद्यानन्द राम**

राजविराज, १३ बैशाख। नापी कार्यालयले डाक्नेश्वरी नगरपालिका–९ पत्थरगाढामा गाउँ ब्लक जग्गामा बसोबास गरिरहेका स्थानीयलाई जग्गाधनी दर्ता प्रमाणपत्र (लालपुर्जा) वितरण गर्न कार्यक्रम आयोजना गऱ्यो। शनिबार दिउँसो आयोजना गरिएको उक्त कार्यक्रममा नगरप्रमुख रामलखन मलाहदेखि क्षेत्र नम्बर ३ का सांसद अमरकान्त चौधरीसम्म सहभागी थिए।

कार्यक्रम सुरु हुनुअघि नै सरसापटी गरेर ५ देखि १४ हजार रुपैयाँसम्म तिर्नु परेको भन्दै गाइँगुइँ चलिरहेको थियो। भूमि समस्या समाधान आयोग जिल्ला समिति सप्तरीका विज्ञ सदस्य पञ्चदेव चौधरी, पूर्वनगर प्रमुख



शिवनारायण साह, नगरप्रमुख मलाह, सांसद चौधरीले आफ्नो कुरा राखे। बोल्ने पालो नापीका प्रमुख शत्रुघ्नप्रसाद यादवको आयो। उनले सम्बोधनका क्रममा भने, ‘नापीमा काम गराउन कसैले पैसा मागेमा सिधैं मलाई फोन गर्नुहोला।’ यादवको वाक्य पूरा नहुँदै लाभग्राही स्थानीयले ‘नम्बर कति हो ?’ भन्दै सोध्न थाले। यादवले नम्बर दिएर वाट्सएप, फोन वा म्यासेज गर्न भने।

यादवले फेरि आफ्नो कुरा राख्न खोज्दा कार्यक्रमका सहभागी लाभग्राही स्थानीयले हल्ला गर्दै भन्न थाले, ‘लालपुर्जाका लागि हामीसँग ५ हजार रुपैयाँ लिनुभएको छ।

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।
- स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## मानवीय संवेदना र विधिको शासनबीच सन्तुलन

काठमाडौंका केही 'अनधिकृत' बस्तीहरू सरकारले खाली गराएको छ। बस्ती खाली गराउने सरकारी प्रयास यसपटक अपेक्षाकृत शान्तिपूर्ण भयो। विगतमा भने यी बस्तीहरू खाली गराउने सरकारी प्रयास प्रतिरोधका कारण विफल हुनेगरेको थियो। सुकुमबासीका नाममा बसाइएका यस्ता बस्तीहरूमा बस्ने कतिपय परिवार अन्यत्र घरजग्गा हुनेमध्येकै पनि भेटिएका छन्। सुकुमबासी नै भए पनि वाग्मती वा मनोहराजस्ता नदी खोलाहरूको किनारमा बसाउनु सुरक्षा जोखिमका दृष्टि उपयुक्त थिएन।

सुरक्षा जोखिम देखिएका ठाउँका बस्ती अपेक्षाकृत शान्तिपूर्वक हटाउन सफल भएकोमा सरकारलाई जस दिनुपर्छ। सरकारका लागि बस्ती उठाउनुभन्दा पनि उठीबासमा परेकाको बसोबासको व्यवस्था र खाली भएको व्यवस्थापन बढी चुनौतीपूर्ण हुने देखिन्छ। यस्तै अनधिकृत बस्तीहरू काठमाडौं उपत्यकाका अरू ठाउँमा विशेषगरी नदी र खोलाका किनारमा छन्। तिनलाई नउठाउने हो भने अहिले उठाइएकाहरूले आफूमाथि भेदभाव गरिएको ठान्न सक्छन्। उपत्यकाबाहिर पनि अनधिकृत बसोबास जताततै भेटिन्छ।

त्यतिमात्र होइन राजनीतिक दलका केही नेताहरूको आड र उक्साहटमा विश्वविद्यालयदेखि विभिन्न गुठी र मठका जमिन अतिक्रमण गरिएको छ। यस्तो अतिक्रमणलाई सरकारी कर्मचारीकै मिलोमतोमा दूषित दर्तासमेत गरिएको अनेकौं उदाहरण सार्वजनिक भएकाछन्। स्थानीय निकायसमेतको सहयोगमा अतिक्रमितहरू जमिन फिर्ता गर्न सरकार सफल भए त्यो दीर्घकालीन महत्त्वको काम हुनेछ। भोटको लोभ र दलगत स्वार्थका कारण अहिलेसम्म त्यस्ता जमिन खाली गराउने गम्भीर प्रयास भएकै थिएन।

अर्कातिर यसरी खाली गराइएको जमिनको उचित व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि वाग्मती किनारमा खाली गराइएका जमिनहरूमा तत्कालै पार्क निर्माण सुरु गरिएन भने त्यहाँ फेरि अर्को अतिक्रमण हुन सक्छ। साथै उठीबास भएका वा अब हुने सुकुमबासीको समुचित व्यवस्थापनमा सरकार झन् बढी गम्भीर र संवेदनशील हुनुपर्छ। मानवीय संवेदनशीलता भएन भने भौतिकरूपमा जति नै सुन्दर देखिए पनि राज्य सफल ठहरिन सक्दैन।

काठमाडौंका हकमा सरकारले खाली गराइएका जमिनमा पार्क निर्माण गर्दा त्यहीबाट उठाइएकाहरूलाई रोजगारीमा प्राथमिकता दिएर पनि उनीहरूको जीविकोपार्जनको बाटो खोल्न सक्छ। स्थायी बसोबासको प्रबन्धका लागि पनि सरकारले तिनलाई विकल्प उपलब्ध गराउनुपर्छ। उपत्यकाबाहिरका हकमा सबैभन्दा पहिले सडक र खोलाका किनारमा रहेका अनधिकृत बस्तीहरूको व्यवस्थापनलाई प्राथमिकता दिनुपर्छ। मानवीय सुरक्षा जोखिम रोक्नु सरकारको प्राथमिक दायित्व त हो नै उद्धारको लागत जोगिँदा फाइदाजनक पनि देखिन्छ।

बालेन्द्र शाहले काठमाडौं महानगरपालिका प्रमुखका हैसियतमा उठाउन खोज्दा नसकेको थापाथलीको अनधिकृत बस्ती प्रधानमन्त्रीका हैसियतमा उठाउन सफल भएका छन्। प्रधानमन्त्री शाहले अब यसलाई व्यक्तिगत प्रतिष्ठाभन्दा माथि उठेर विधिको शासनका रूपमा स्थापित गर्नुपर्छ। यसपटकको शान्तिपूर्ण कार्यान्वयनले राजनीतिक इच्छाशक्ति भए अतिक्रमण हटाउन सम्भव छ भन्ने देखाएको छ। यो अभियान राज्यको विश्वसनीयताको पनि परीक्षा हो। अब यसलाई विधिको स्थायी अभ्यास बनाउनु सरकारको असली सफलता हुनेछ।

### *सप्तरीका नापी...*

पैसा तिर्नेलाई यही हात उठाउन भन्नुस्। सबै कुरा स्पष्ट भइहाल्छ।' लाभग्राही विजुली पण्डितले भने, 'लालपुर्जावापत अमिन श्रीप्रसाद यादवले ५ देखि १४ हजार रुपैयाँसम्म लिनुभएको छ। मेरो ९ धूर जग्गा मात्र छ तर ५ सय रुपैयाँ मात्र अपुग हुँदा पनि लिन मान्नुभएन। बाध्य भएर सरसापटी गरेर ५ हजार तिर्नुपर्‍यो।'

कार्यक्रममा उपस्थित नगरप्रमुख मलाहदेखि सांसद चौधरीसम्म पनि लाभग्राहीको गुनासो सुनेर हेरेको–हेर्‍यै भए। लाभग्राही आक्रोशित देखिएपछि नापी प्रमुख यादवसहितका अन्य कर्मचारीलाई त्यहाँबाट निस्किन हम्मे परेको थियो। नापी प्रमुख यादवले आफ्ना कर्मचारीले गैरकानुनी लेनदेन गरेको प्रमाणित भए कानुन अनुसार कारबाही हुने बताए। 'प्रमाण ल्याउनुस् भनेर मैले त्यहाँ पनि भनिरहे, अझ पनि कसैले प्रमाण दिए कारबाही गर्छौं,' उनले भने। सांसद चौधरीले घुस लिने कर्मचारीलाई कानुनी दायरामा ल्याउन पहल गर्ने बताए। उक्त कार्यक्रममा गाउँ ब्लकमा ३ सय ४६ परिवारलाई पहिलो चरणमा जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।

# आइतबारे बिदा : केही फरक पर्ला त ? बिदाको इतिहासले के भन्छ ?



विद्यानाथ कोइराला

यहुदीहरू बाइबलको ओल्ड टेस्टामेन्ट मान्छन्। त्यही जेनिसिसको १ र २ ले भन्छ– परमेश्वरले पहिलो दिन उज्यालो र अँध्यारोको सृष्टि गरे। दोस्रो दिन स्वर्ग र पृथ्वीको। तेस्रो दिन जमिन र बिरुवाको। चौथो दिन दिन र रातको। पाँचौं दिन समुद्र र हावाको। छैटौं दिन अरु जीवको। सातौं दिन परमेश्वरले साबाथ लिए। 'साबाथ' भनेको आरामको दिन हो। त्यसैले यहुदीले त्यो दिनलाई सुत्ने दिन माने। आरामको दिन। क्रमशः उनीहरूले शुक्रबारको सूर्यास्तदेखि आइतबारको सूर्यास्तसम्मलाई बिदाको दिन बनाए। साबाथको दिन।

इसाईले बाइबलको न्यु टेस्टामेन्ट मान्छन्। यिनीहरूमध्ये अधिकांशले विश्वास गर्छन् कि जिसस शुक्रबार शूलीमा चढे। शनिबार चिहानमा आराम गरे। आइतबार ब्युँतिए, जसले तीन दिन तीन रातको चिन्तन मान्छन्, उनले अर्कै तर्क दिन्छन् (म्याथ्यू, १२: ३८–४०)। पासओभरचाहिँ यहुदीको चाड हो। इजरायलीहरू इजिप्टको दासताबाट मुक्त भएको दिन। मोजेजले माउन्ट साइनाईमा चौथो कमान्डमेन्ट दिएको दिन। त्यो दिन शनिबार थियो तर रोमन क्याथोलिक इसाईहरूले सन् ३२१ मा शनिबारको सट्टा आइतबारलाई पवित्र दिन मान्ने चलन चलाए।

उनीहरूको तर्क हो– सो दिन इस्टर सन्डे (आइतबार) हो। जिसस ब्युँतिएको दिन। समग्रमा हेर्दा यहुदी तथा इसाईले शुक्रबारलाई जिससले शूली चढेको दिन माने। त्यही दिनको सम्फनास्वरूप शुक्रबार साँझलाई गुड फ्राइडे भने। परमेश्वरले आराम गरेको दिन भनेर शनिबारलाई आरामको दिन माने। अर्थात् जिसस गाडिएकै ठाउँमा आराम गरे भनेर साबाथको दिन माने।

जिसस ब्युँतिएको दिन भनेर आइतबारलाई चर्च जाने दिन बनाए। प्रार्थना गर्ने, हप्ताभर गरे गराएका अपराधहरू स्वीकार्ने, क्षमा माग्ने, अब अपराध गर्दिनँ भन्ने। यसरी यहुदी तथा इसाईका चिन्तन जोडेर पश्चिमाहरूले शुक्रबार गुड फ्राइडे मनाए। शनिबार र आइतबारचाहिँ बिदा दिने चलन चलाए। यसैले उनका लागि शनिबार र आइतबार होली डे हुन्। पवित्र दिन। नेपालले किन शनिबार बिदा दियो त ? राणाकालमा हप्तामा एक दिन बिदा दिने चलन चल्यो। कसैको मतमा देव शमशेरले, कसैको मतमा भीम शमशेरले। जसले बिदा दिने चलन चलाए पनि उनीहरूले ज्योतिषको आधार लिए। शनिबार शनि ग्रहको दिन हो। असल काम सुरु गर्न नहुने दिन। त्यसैले यहुदी तथा इसाईका जस्ता ती हाम्रा होली डे अर्थात् पवित्र दिन होइनन्।

बिदाका दिन मात्र हुन्, सुत्ने दिन पनि होइन। दिनहुँ पूजा, आराधना गर्ने संस्कार भएकाले प्रार्थनाका दिन पनि होइनन्। सृष्टिकर्ता सुतेको दिन पनि होइन। चिहानबाट ब्युँतिएको दिन पनि होइन। राणाकालीन शासकले त शनिबारलाई निषेधी दिन मानेका हुन्। नयाँ काम सुरु नगर्ने दिन। यदि हामीले आइतबार पनि बिदा दिन थाल्यौं भने शनिबार र आइतबारको बिदा किन भनेर कुनै किराँत धर्मावलम्बीले सोधे के उत्तर दिने ? हिन्दु र बौद्धमार्गीले सोधे के उत्तर दिने ? ज्योतिषीहरूसँग पो उत्तर छ कि ? यहुदी र इसाईकै होलीडेकै अनुकरण गरेको भन्ने कि ? आधुनिक प्रविधिको बढ्दो प्रयोगले घरबाटै काम गर्ने प्रबन्ध भएकाले भन्ने कि ? अब समय होइन, काममा आधारित बिदा प्रणाली लागू गर्ने कि अरु केही भन्ने ? प्रश्न निर्णायकमा छोडें।

**बिदामा के गर्ने ?**

चीनका प्राथमिक विद्यालयहरू बिहान आठ बजे खुल्छन् र बेलुका ५ बजे बन्द हुन्छन्। निम्न माध्यमिक विद्यालयहरू बिहान ७ बजे खुल्छन्, अनि बेलुका ९ बजे बन्द हुन्छन्। माध्यमिक विद्यालयहरू बिहान ७ बजे खुल्छन् र बेलुका ११ बजे बन्द हुन्छन्। विद्यार्थीहरू शनिबारका दिन बास्केट बल तथा कम्प्युटर गेम खेल्छन्। संगीत सिक्छन्। स्कुलमा पढाइने मूल विषयमा थप सिकाइ सिक्छन्। पढ्दा उत्तर नपाइएका कुराको खोजी गर्छन्। अन्य अतिरिक्त क्रियाकलाप गर्छन्। भविष्यमा के गर्ने भन्ने सोच बनाउँछन्।

आइतबार क्र्याम स्कुल (निश्चित सीप वा तालिम दिनका लागि खोलिएको स्कुल) जान्छन्। त्यस्ता स्कुलमा ४ घण्टा अङ्ग्रेजी, भौतिक विज्ञान, गणित तथा भाषा पढ्छन्। त्यतिबेला शिक्षकको सेवा पाउँछन्। यसरी चिनियाँ बालबालिकाहरू हप्तामा ६५ देखि ७७ घण्टासम्म पढ्छन्। लामो बिदामा पनि चीनले स्कुले विद्यार्थीलाई व्यस्त राख्छ। संगीतमा, पहिले सिकेको कुरा सुदृढ गर्नमा, चिनियाँ जीवनसँग परिचित हुनमा, घुमघाम गर्नमा, रहरका अन्य कामहरू गर्नमा र पढ्दा नबुझेका तथा नजानिएका कुराको थप जानकारी लिनमा। यसरी हेर्दा चिनियाँ बालबालिकाहरू कन्फुसियस तथा माओको पढ्ने, पढ्ने अनि पढ्ने दीक्षा लागू गर्छन्। छोटो अवधिका गरिखाने सीप पनि बिदाका दिनमा सिक्छन्। शिक्षकहरू तिनलाई सघाउँछन्।

भारतका विद्यालयहरू वर्षमा २ सय ३६ दिन चल्छन्। हाम्रा २ सय २० दिन। त्यसमा पनि यो वर्षको अलमलले १ सय ६५ दिन मात्र चल्छन्। २ सय ३६ दिन स्कुल चलेर पनि भारतले गरिखाने सीप सिकाउने अभियान थालेको छ। अनलाइन शिक्षा थालेको छ। हाम्रा शिक्षकहरूले के गर्ने ? विद्यार्थीहरूलाई के गराउने ? बिदा बढाएर शिक्षक तथा विद्यार्थीको शैक्षिक गुणस्तर सुधार्ने कि ? तिनलाई गरिखाने शिक्षा दिने ? तिनलाई व्यस्त राख्ने कुनै तर्किब छ ? निर्णायकहरूलाई प्रश्न गरें।

अमेरिकाले वर्षमा १ सय ८० दिन पढाउँछ। ६ घण्टा स्कुलमा बसाउँछ। चार्टर स्कुलले त्यसमाथि थप घण्टा पढाउँछन्। त्यति गर्दा पनि कार्नेजी एकाइको अध्ययनले भन्छ– एक सय असी घण्टाको पढाइले पुगेन। हिउँ परेको दिन (स्नोडेज) अर्थात् हिउँदे बिदाले गर्दा शैक्षिक उपलब्धि घट्दो रहेछ भन्छ। यी र यस्तै अध्ययनका आधारमा अमेरिकी स्कुलमा विद्यार्थीहरूलाई थप पढाइका लागि अतिरिक्त क्रियाकलापमा संलग्न गराइन्छ। समुदायमा गएर सिक्ने काम दिइन्छ। अनुसन्धान तथा परियोजना कार्यमा लगाइन्छ। अर्थात् सिक्ने काममा नै व्यस्त राखिन्छ।

बिदाकै बेलामा शिक्षकलाई आफूले आफैँलाई अद्यावधिक गर्न आंशिक कलेज पठाइन्छ, समर कलेजमा, विन्टर कलेजमा। स्वेच्छाले रकम तिर्नेगरी, छात्रवृत्ति रकम पाउने गरी। विद्यार्थीको गल्ती खोज्न सिकाइन्छ। त्यसलाई सुधार्ने सोच बनाउन लगाइन्छ। त्यसैमा अनुसन्धान गर्न लगाइन्छ। विद्यार्थी के गर्दै छ भनी पहिचान गर्न रेखदेख क्रियाकलाप (केयर एक्टिभिटी) मा व्यस्त बनाइन्छ। के हाम्रा शिक्षक तथा प्राध्यापक यस्ता कार्यहरू गर्न तयार छौं ? बिदा दिन तथा बिदा बस्न मात्र रमाउने हामीले यो कुरा सोचेका छौं ?

नेपालमा हप्तामा ३६ घण्टा पढाइ हुन्छ। हप्ताको दुई दिन बिदा हुनासाथ हामी ३० घण्टा पढाउन थाल्छौं। साढे ९ साढे ४ को स्कुल बनायौं भने ४२ घण्टा पढाउँछौं। हिमाली भेगमा यो नियम लागू होला त ? बिहानै काममा जाने संस्कृति भएको पहाडमा यो नियम स्वीकार्लान् ?

यसरी छुट्ने वा ढिला स्कुल आउने विद्यार्थीलाई शिक्षकले विशेष ध्यान देलान् त ? किताबबाट सार्ने खाले गृहकार्य दिने संस्कृति बदल्लान् त ? यी प्रश्नका उत्तर नखोज्ने हो भने हाम्रा बिदा लिन र बिदा दिन बानी लागे लगाइएका संस्कारहरूमा फेरबदल होला त ? यसरी बनेको आइतबार बिदा दिने सोचले हामीलाई कता लान्छ ? के चिनियाँको जस्तो आफूमा पढ्ने, समुदायमा पढ्ने अनि विज्ञसँग पढ्ने संस्कृति सिकाउँछ त ?

के हामी शिक्षक तथा प्राध्यापकले विद्यार्थीका हिजोका नतिजाहरू सुधार्ने बानी बसाल्छौं त ? के हामी हाम्रा शिक्षकहरूलाई प्रतिहप्ता अद्यावधिक गर्ने चीनको जस्तो साप्ताहिक अभियान चलाउँछौं त ? के हामी अमेरिकाको जस्तो हिउँदे तथा बर्खे बिदामा चल्ने कलेज चलाउँछौं त ? के हामी भारतले जस्तो छोटो अवधिको गरिखाने अनलाइन सीप सिकाउँछौं त ? के हामी अहिलेकै क्रान्तिकारी निर्णयले गुणस्तरीय शिक्षा सुनिश्चित गर्छौं त ? संविधानको धारा ५१ ज को १ ले भनेजस्तो शिक्षा दिन सक्छौं त ? शिक्षा मन्त्रालयका विचारक समूहमा यी प्रश्नहरू छोडें।

**लामा बिदा किन दिइए ?**

कुनै बेला हिउँदको समयमा काठमाडौं उपत्यकामा दुई मिटर बाक्लो कुहिरो लाग्थ्यो। बाटोमा तुसारो पर्थ्यो। धाराको पानी जम्थ्यो। पोखरी सेताम्य हुन्थ्यो। रैथाने बयोबहरूको भनाइमा माछा पनि कठाङ्ग्रिन्थ्यो। मीन भनेको माछा हो। पचास भनेको पचास दिनसम्म। त्यसैले काठमाडौंका शिक्षक, प्राध्यापक तथा विद्यार्थीलाई जाडो छल्न मीन पचास बिदा दिइन्थ्यो। हिमाली बस्तीमा स्कुल खोल्दा मीन पचासको बिदा नै लागू भयो। अहिले हिउँदे बिदा भनेको मीनपचासको विस्तारित नाम हो।

गुजारामुखी खेतीमा बाँचेका मधेश तथा पहाडका हामी शिक्षक, प्राध्यापक एवं विद्यार्थीले खेतीको बेलामा बिदा पायौं। असार साउनको बिदा। हामीलाई मीनपचास बिदा थिएन। चाहिएन पनि। त्यसैको विस्तारित नाम बर्खे बिदा हो। ती दिनका बिदा कटाउनुको सोझो अर्थ हो– काठमाडौं उपत्यका तथा हिमाली भेगमा माछा कठ्याङ्ग्रिँदैन। अर्थात् त्यहाँ जाडोको दिन घट्यो अथवा त्यहाँका स्कुल कलेजमा वातानुकुलित व्यवस्था छ। त्यस्तै, बर्खे बिदा कटाउनुको अर्थ हो– अब हामी गुजारामुखी खेतीमा छैनौं। बजारमुखी खेतीमा गइसक्यौं ? अथवा हाम्रा विद्यार्थी, शिक्षक तथा प्राध्यापकहरू प्लेटोको शब्दमा कामदार वर्ग होइनौं, पेटको चिन्तन गर्ने। उनकै शब्दमा अभिभावक वर्ग भइसक्यौं। के यो कुरा सही हो ?

प्रत्येक जातजाति तथा धर्मका चाडपर्वमा स्कुल तथा कलेज बन्द गर्ने हाम्रो संस्कार बनिसक्यो। क्यालेन्डर पनि त्यसरी नै मिलिसक्यो। नमिलेको ठाउँमा मन्त्रिपरिषद्ले बिदा दिने निर्णय गर्ने चलन भइसक्यो। पराइका देशमा भने अर्कै चलन छ। जस्तोः क्यालेन्डरअनुसार पठनपाठन गर्न क्यानेडियनले स्कुल कलेजमै बहुसांस्कृतिक चाड मनाउँछन्। पठनपाठन भने रोक्दैनन्। जातजाति तथा धर्मका मान्छेले आफ्नो आवश्यकताअनुसार बिदा लिन पाउने व्यवस्था गर्छन्। के हामी त्यसो गर्न सक्छौं ?

सरकारकै कर्मचारीलाई बिदा दिने नीति स्कुल कलेजमा लगाए पनि हुथ्यो कि त ? जम्मा यति दिन बिदा पाउने, अनिवार्य बिदा नदिने, शिक्षक तथा प्राध्यापकले बिदा लिएका दिनमा पनि पढाइ निरन्तर हुने। कुनै दिन औपचारिक पढाइ। कुनै दिन अतिरिक्त क्रियाकलाप। कुनै दिन गरिखाने पढाइ। विद्यार्थीलाई

**–बाँकी तीन पेजमा**

*आइतबारे बिदा ...*

पनि त्यस्तै बिदा दिने। सबै आएको दिनमा मूल विषय पढ्ने। नआएको दिनमा इच्छाधीन। यस्तो तर्किब बनाए पनि त हुन्थ्यो कि ? किन यस्तो सोच बनेन ? नबनाइएको होला ? किन जबर्जस्ती बिदाको चिन्तनमै हामी अलमलिएका हौँ ? कसैले भनिदिन्छौँ कि त ?

**इन्धन बच्ला त ?**

आइतबार बिदा दिनु भनेको इन्धन बचाउनु हो। इन्धन किन्ने डलर बचाउनु हो। सरकारको बलियो तर्क यही रहयो। यसो हो भने हामी इको चिप्स प्रयोग गर्न सक्छौँ त ? इको चिप्स भनेको टर्निङ बक्स हो। यसमा ओबिड्टि कनेक्टर हुन्छ। यो गाडीमा जोडिनासाथ इन्धन बचत हुन्छ।

त्यस्तै, हामी इको राइडको व्यवस्था गर्न सक्छौँ कि त ? इको राइड पनि प्लग एन्ड राइड सामग्री हो। कार फ्युल सेभरको प्रयोग गर्न सक्छौँ त ? तिनीहरूको परीक्षणले भन्छ– इको चिप्सले २५ प्रतिशत इन्धन बचाउँछ। इको राइडले १५ प्रतिशत। कार फ्युल सेभरले केही प्रतिशत। इथानोलको प्रयोगले केही प्रतिशत। यो चिन्तन गरेको भए हुने थियो कि त ? शिक्षा मन्त्रालयमै विज्ञान तथा प्रविधि मन्त्रालय पनि छ। यसबारेमा किन नसोचिएको होला ? विज्ञान प्रविधि मन्त्रालयसँग पो यसको उत्तर छ कि त ? इन्धन पनि बच्ने। शिक्षामा अपत्यारिलो नियति भोग्नु पनि नपर्ने।

उपसचिव तथा सोभन्दा माथिका सरकारी कर्मचारी, संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका कर्मचारी, निजी विद्यालयका सञ्चालक, निर्वाचित तलबी जनप्रतिनिधि, निजी विद्यालयका विद्यार्थी एवं शिक्षक पनि त जनताकै सन्तति हुन्। तिनले एक दिन सार्वजनिक यातायात चढे हुँदैन ? हिँडेरै गन्तव्यमा पुगे हुँदैन ? अर्थात् त्यो दिन मोटर चढ्न पाउने भाग्यमानी व्यक्तिहरूले जनता बन्न मिल्दैन ? त्यसो गरेको भए क्रमशः सार्वजनिक यातायात समयमा चल्थे कि ? ती भाडाका सवारीमा चढ्न नपर्नेहरूले पनि जनताका दुःख दर्द बुझ्थे कि ? त्यसो गर्न मन नलागे केही सार्वजनिक गाडीहरूको रुट आइतबारका लागि बदल्न पो सकिन्थ्यो कि ? क्यानडातिर त्यसो गर्छन् भन्ने कुरा हामी निर्णायकहरूले जानेका छैनौँ र ? यसो गरेको भए आकाश खस्थ्यो र ? किन सोचेनौँ भाग्यविधाताहरूले ?

हाम्रा नेतृत्वहरू जनताका कुरा गर्छौं। जनताकै जीवनशैली जिउनचाहिँ किन डराउँछौं ? यदि नडराउने हो भने एक दिन जनता चढ्ने गाडीमै चढे के हुन्छ ? त्यसो गर्न सकिँदैन भने धेरैवटा कार्यालयका लागि एउटा गाडी घुमाए के हुन्छ ? यसो गर्दा गाडी किन्ने खर्च बच्छ। जागिर छोड्दा पनि मोटर चढ्नुपर्छ भन्ने चाहना हुन्न। फलतः भ्रष्टाचार घट्छ। जनतासँगको सम्बन्ध बनिरहन्छ। योबारे जनताका कुरा गर्नेहरूले किन सोचेनौँ ? शिक्षा मन्त्रालयका निर्णायकहरू यो बारेमा केही बोल्न सक्छौँ त ?

हाम्रो अभ्यासले भन्छ– शनिबार पनि हामीले सरकारी गाडी कुदाएकै छौँ। निजी स्कुलका गाडी दगुराएकै छौँ। संस्थानहरूले त्यसै गरेका छौँ। जनप्रतिनिधि पनि त्यही मार्काका छौँ। यसो हो भने स्कुल कलेज बन्द गर्दैमा आइतबार गाडी चल्दैन भनी निश्चिन्त हुने आधार छ र ? बढ्दो नवधनाढ्य तथा मध्यमवर्गीको रवाफले भन् गाडीहरू चले भने इन्धन बच्ला त ? उल्टै शनिबार तथा आइतबार पिकनिक, भेटघाट, घुमफिर भनेर गाडीको चाप बढ्यो भने सरकारको निर्णय के होला ? पहिले तथा अहिलेको शनिबार चल्ने चलाइने गाडीको चापको तुलना गरे सहजै जानकारी मिल्छ। यति कुराको जानकारी ट्राफिक प्रहरीले पनि दिन्थ्यो होला कि त ? किन हामीले खोजेनौँ ? खोजाएनौँ ?

**सकिएला त ?**

केही अपवादबाहेक कोरोनाकाल बिदाकै दिन बन्यो, बनाइयो। ती दिनहरूमा हामी शिक्षक तथा प्राध्यापकले के गर्‍यौँ ? विद्यार्थीलाई के गरायौँ ? कसरी गुणस्तर कायम गर्‍यौँ ? यति कुराको लेखाजोखा गरेको भए बिदामा हामी के गर्छौं भन्ने कुरा जानिन्थ्यो। शनिबार हाम्रा शिक्षक, प्राध्यापक तथा विद्यार्थीको दैनिकी हेरेको भए अर्को कुराको जानकारी हुन्थ्यो। यो काममा सरकारलाई चासो भएन। बरु बिदा समायोजनमा हाम्रा भाग्यविधाताहरूको ध्यान गयो। यति हुँदाहुँदै पनि अहिलेको बिदा समायोजनको क्रान्तिकारी अभ्यासले केही कुराको संकेत गर्ला कि त ?

पहिलो संकेत हो, हामी केही शिक्षक तथा प्राध्यापकहरू पेसाकर्मी छौँ। तिनको खोजी हुन्छ। सम्मान हुन्छ। अनुकरण हुन्छ। कोही पेसाधारी छौँ। पेसाकर्मी बनाउने दह्रिलो जोडबल हुन्छ। कोही भुलिएर पेसामा आएका छौँ। पेसाबाट अलग हुन्छौँ। कोही दलीय आशीर्वाद भजाउँदै विद्यार्थीको समय खाइरहेछौँ। पाखा लाग्छौँ। दोस्रो, हाम्रा विद्यार्थीहरू हप्ताका दुई दिन बिदा तथा लामो बिदामा अनुसन्धान गर्छन्। परियोजना गर्छन्। समुदायमा गएर सिक्छन्। सिकाउँछन्। गरिखाने सीप सिक्छन्। अतिरिक्त विषयमा जानकार हुन्छन्।

त्यसका लागि शिक्षक तथा प्राध्यापकको अथक एवं निरन्तर सहयोग पाउँछन्। यस क्रममा स्कुल, कलेज तथा विश्वविद्यालयहरू अहोरात्र खुल्छन्। बन्द मोडमा। खुला मोडमा। यस काममा हामी शिक्षक तथा प्राध्यापकहरू जिम्मेवार बन्छौँ। तेस्रो, अब पश्चिमाको जस्तै हाम्रो शैक्षिक क्यालेन्डर तलमाथि हुन दिँदैनौँ, जे भए पनि जसो भए पनि। चौथो, रहर लागेको बेलामा मन्त्रिपरिषद्ले बिदाको निर्णय पनि गर्दैनौँ। पाँचौँ, हाम्रा शिक्षक तथा प्राध्यापकहरूलाई तत्स्थानमै अद्यावधिक गर्ने प्रबन्ध मिलाउँछौँ। छैटौँ, लामो अवधिको स्कुल, कलेज होस् कि छोटो अवधिको, हामी शैक्षिक गुणस्तर सुनिश्चित गर्छौं, गराउँछौँ। शिलापत्रबाट

# सरकारले ऊर्जा क्षेत्रमा देखेको चुनौती र अवसर

**रमेश लम्साल**

काठमाडौँ, १३ वैशाख। सरकारले मुलुकको ऊर्जा क्षेत्रमा विभिन्न १३ चुनौती रहेको ठहर गर्दै त्यसलाई समाधानका लागि प्रभावकारी पहलकदमी एवं लगानी विविधकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ। वितरण प्रणालीको क्षमता र गुणस्तर कमजोर हुनु, औद्योगिक क्षेत्रमा गुणस्तरीय तथा विश्वसनीय विद्युत् आपूर्तिको अभाव हुनुलाई चुनौतीका रूपमा लिएको छ।

यस्तै, सरकारले घरायसी तथा व्यावसायिक क्षेत्रमा बढी विद्युत् खपत गर्ने उपकरणको प्रयोगमा वृद्धि गर्नु, कृषि, सिँचाइ तथा औद्योगिक क्षेत्रमा विद्युत् प्रयोग वृद्धि गर्नु र विद्युतीय सवारी चार्जिङ पूर्वाधारको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको छ। त्यसैगरी, डाटा सेन्टर, हरित हाइड्रोजन, मल उत्पादन गर्ने उद्योग, आधुनिक ईँटाभट्टाजस्ता विद्युत् खपत गर्ने सघन उद्योगको न्यून विकास हुनु, आन्तरिक विद्युत्को माग पूर्ति भएपश्चात् बचत भएको विद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा पुर्‍याउनु रहेको छ। यसका लागि आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन तथा सम्बद्ध संरचनाहरूको पर्याप्त विकास गर्नु पनि चुनौतीका रूपमा रहेको सरकारी निष्कर्ष छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा विद्युत्को आन्तरिक माग पूर्ति तथा क्षेत्रीय बजारको आवश्यकताअनुसार निर्यात गर्न उपयुक्त ठूला जलाशययुक्त जलविद्युत् आयोजनाको विकास गर्नु जरुरी छ। छिमेकी मुलुकको नीति तथा नियम र नेपालको विद्युत् उत्पादन र आयात निर्यातसम्बन्धी नीति तथा प्रक्रियाबीच सामन्जस्यता कायम गर्नु, विद्युत् व्यापारमा निजी क्षेत्रको समेत सहभागिता गराउन कानुनी व्यवस्थाको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको निष्कर्ष निकालिएको छ।

नेपालमा उत्पादित विद्युत्को उच्च लागतका कारणले छिमेकी मुलुकको विद्युत् बजारमा प्रतिस्पर्धी हुनु, नेपालको राष्ट्रिय ग्रिड प्रणालीलाई छिमेकी मुलुकको ग्रिड प्रणालीस्तरमा विकास गर्नु, नेपालमा प्रतिस्पर्धी विद्युत् बजारको विकास गरी छिमेकी देशको विद्युत् बजारसँग सम्बन्धित प्रणाली निर्माण गर्नु पनि चुनौती रहेको मन्त्रालयको निष्कर्ष छ।

जलविद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा विकास गरी वार्षिक व्यापार घाटा न्यूनीकरण गर्ने उच्च सम्भावना हुनुलाई सरकारले अवसरका रूपमा लिएको छ। यातायात, घरायसी तथा औद्योगिक क्षेत्रमा विद्युत् विस्तार गरी आन्तरिक खपत उल्लेख्य रूपमा वृद्धि गर्ने सम्भावना हुनु, देशमै उत्पादित स्वच्छ विद्युत् ऊर्जाको प्रयोगमार्फत दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने आधार हुनुलाई अवसरका रूपमा लिइएको छ।

आन्तरिक खपतपश्चात बचत हुने विद्युत्लाई द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा निर्यात गर्ने पर्याप्त सम्भावना हुनु, नेपाल र भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौताबमोजिम १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने स्पष्ट आधार तयार हुनु पनि अवसरका रूपमा रहेको छ। नेपालमा विद्युत् उत्पादन उच्च हुने याममा छिमेकी राष्ट्र भारत तथा बङ्गलादेशमा ऊर्जा माग उच्च रहनु र सो याममा उच्च विद्युत्दर प्राप्त गर्नसक्ने सम्भावना छ।

कार्बन शून्यको लक्ष्य राखेका छिमेकी मुलुकका लागि नेपालको जलविद्युत् हरित ऊर्जाको रूपमा आकर्षक विकल्प हुनु, खनिज इन्धनको प्रतिस्थापन गरी विदेशी मुद्रा बचत तथा शोधनान्तर स्थिति बलियो बनाउने विषयलाई मन्त्रालयले अवसरका रूपमा चित्रण गरेको छ। जलवायु वित्त तथा कार्बन बजारमा पहुँच वृद्धि गर्ने अवसर हुनु, ऊर्जा सघन उद्योगजस्तै डेटा सेन्टर, हरित हाइड्रोजन, रासायनिक मल कारखाना आदिको विकासमार्फत ऊर्जामा आधारित अर्थतन्त्र निर्माण गर्न सक्ने सम्भावना हुनु पनि अवसरका रूपमा रहेको छ।

सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० युनिट पुर्‍याउने र कुलजडित क्षमता २८ हजार ५०० मेगावाट पुर्‍याउने लक्ष्य राखेको छ। त्यसमध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य छ। सरकारले तय गरेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' अनुसार विद्युत् ऊर्जा निर्यातमा अपेक्षित रूपमा वृद्धि हुनेछ। व्यापार घाटामा उल्लेख्य कमी तथा राष्ट्रिय अर्थतन्त्रमा ऊर्जा क्षेत्रको योगदानमा उल्लेख्य रूपमा वृद्धि हुनुलाई अपेक्षित उपलब्धिका रूपमा लिइएको छ।

रणनीति कार्यान्वयनमा आएपछि प्रतिव्यक्ति विद्युत् खपत करिब एक हजार ५०० युनिट पुग्नुका साथै शतप्रतिशत जनसङ्ख्यामा भरपर्दो विद्युत् पहुँच सुनिश्चित हुनेछ। विद्युत् निर्यात बढ्दै औसत निर्यातदर र राजस्वमा वृद्धि हुनेछ। आन्तरिक खपत भई बचत हुने विद्युत्को प्रभावकारी बजार व्यवस्थापन सुनिश्चित हुनेछ। यस्तै, वातावरणीय प्रदूषणमा कमी आउने तथा दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुग्नेछ।

# शिक्षा क्षेत्र दलीय राजनीतिमुक्त बनाउन शिक्षामन्त्रीको पहल

काठमाडौँ, १३ वैशाख। सरकारले मुलुकको समग्र शिक्षा क्षेत्रको सुधारका लागि नीतिगत र संरचनागत सुधारका काम अगाडि बढाएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेको एक महिनाको अवधिमा शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न विद्यालय र विश्वविद्यालय हाताभित्र रहेका दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउनेदेखि शैक्षिक वातावरण, गुणस्तर अभिवृद्धि, अनलाइनबाट एनओसी लिनेजस्ता महत्त्वपूर्ण निर्णय गरिएको छ।

यसबिचमा विद्यार्थी भर्ना र शुल्क व्यवस्थापन, शैक्षिक क्यालेन्डर सुधारका कामलाई पनि कार्यान्वयनमा ल्याइएको छ। शिक्षामन्त्री पोखरेलले शिक्षाक्षेत्र दलीय राजनीतिमुक्त बनाउन हस्तक्षेपकारी पहल गर्नुभएको छ। दलीय सङ्गठनको विकल्पमा विद्यार्थीको वास्तविक प्रतिनिधित्व गराउन आगामी ९० दिनभित्र 'स्टुडेन्ट काउन्सिल' वा 'भ्वाइस अफ स्टुडेन्ट' जस्ता गैरराजनीतिक संयन्त्रको विकास गरिने छ।

साठी दिनभित्र शिक्षण संस्थाबाट दलीय आधारमा बनेका सङ्गठनका संरचना हटाइने १०० बुँदे कार्यसूचीमा उल्लेख छ। काठमाडौँ विश्वविद्यालयबाट 'स्टुडेन्ट' काउन्सिल कार्य सुरु भएको छ। विश्वविद्यालय समन्वय समितिको हालैको निर्णय अनुसार सबैलाई विद्यार्थी सङ्गठन स्थापनका लागि भवन, जमिन उपलब्ध नगराउने, सङ्गठनका भौतिक सङ्केत हटाउने र कुनै कानुनी व्यवस्था गरेको भए खारेज गर्ने निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

**स्नातक तहसम्मको अध्ययन गर्न नागरिकता नचाहिने**

शिक्षा क्षेत्रको संरचनागत सुधारका लागि स्नातक तहसम्मको अध्ययनमा नागरिकताको अनिवार्यता हटाउने निर्णय गरिएको छ। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्ले सार्वजनिक गरेको शासकीय सुधारको १०० बुँदे कार्यसूचीको बुँदा नम्बर ८८ मा विद्यार्थीलाई स्नातकसम्मको अध्ययनका लागि नागरिकता आवश्यक नपर्नेगरी विश्वविद्यालयले तत्काल कार्यविधि बनाउनुपर्ने उल्लेख छ। काठमाडौँ विश्वविद्यालयले कार्यविधि बनाउन लागेको छ भने अन्य विश्वविद्यालय कार्यान्वयनमा गइसकेका छन्।

यस्तै, शैक्षिक क्यालेन्डर अनुसार समयमै नतिजा सार्वजनिक गर्ने र आगामी शैक्षिकसत्रदेखि कक्षा ५ सम्मका आन्तरिक परीक्षा बन्द गरी 'वैकल्पिक मूल्याङ्कन प्रणाली' लागु गर्ने तयारी गरिएको छ। नतिजामा आधारित शासकीय प्रबन्ध 'डेलिभरी बेस्ट गभर्नेन्स'का लागि विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्न परिपत्र भएको र सम्बन्धित संस्थाबाट कार्यतालिका तयारी भइरहेको मन्त्रालयले जनाएको छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको क्षमता विस्तार गर्नका लागि जिआइडिसीमा भएको 'नेटवर्क इस्यु'को समाधान भएको छ।

**परीक्षाको दुई महिनाभित्रै नतिजा**

सिकाइ चौतारी मोबाइल एप विकास गरी सञ्चालनमा ल्याइएको छ। माध्यमिक शिक्षा परीक्षाको नतिजा परीक्षा सम्पन्न भएको दुई महिनाभित्र नै रिजल्ट आउनेगरी तयारी भइरहेको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,

–बाँकी अन्तिम पेजमा

*खुला नाकाबाट...*

पर्सा र बारासँग सीमा जोडिएको बाराको विश्रामपुर गाउँपालिका, वीरगन्ज महानगरको नगवा, इनर्वालगायत खुला नाकाको फाइदा उठाउँदै साइकल चालकले दैनिक तरकारी तथा फलफूल भित्र्याउने गरेका छन्। उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अजित भुजेलले खुला सीमानाकाबाट क्वारेन्टिन जाँचबिनै भित्रिने तरकारी तथा फलफूलले जनस्वास्थ्यमा असर पार्ने भएकाले पनि नियन्त्रणमा लिनुपर्ने बताए।

"खुला सीमानाकाको फाइदा उठाउँदै विभिन्न समूहले छपकैया, इनरुवा, विश्रामपुरलगायत स्थानबाट साइकलमार्फत दैनिक ठूलो मात्रामा तरकारी भित्र्याउने गरेका छन्", उनले भने, "स्थानीय प्रशासन र सशस्त्र प्रहरीले त्यसमा ध्यान दिन जरुरी छ।" वीरगन्जमा दैनिक साइकल चालकले बिहान सबेरैदेखि प्रतिसाइकलमा क्वारेन्टिन जाँचबिनै भारतीय तरकारी भित्र्याउने गरेका छन्। स्थानीय प्रशासन तथा सीमाक्षेत्रमा खटिएको सशस्त्र प्रहरीले कारबाही प्रक्रिया अघि बढाउन सकेको छैनन्। प्रमुख जिल्ला अधिकारी भोला दाहालले भन्सार प्रक्रिया पूरा गरेर क्वारेन्टिन जाँचमा योग्य भएका भएका तरकारी तथा फलफूलमात्र भित्र्याउन पाइने बताए। "क्वारेन्टिन जाँचबिनै ताजा तरकारी तथा फलफूल ल्याउन पाइँदैन", उनले भने, "कोही कसैले ल्याएका रैछन् भने आवश्यक अनुगमन गरेर नियन्त्रणमा लिइनेछ।"

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले पर्साको सीमा क्षेत्रबाट भन्दा पनि बाराको विश्रामपुर गाउँपालिकासँग जोडिएको सीमावर्ती क्षेत्रबाट क्वारेन्टिन जाँचबिनै तरकारी भित्रिएर वीरगन्ज बजारमा पुग्ने गरेको बताए।

# गण्डक नहर किनारका अतिक्रमित संरचना हटाउन थालियो

वीरगञ्ज, १३ वैशाख। नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहर किनारमा अतिक्रमित गरेर निर्माण गरिएका घरटहरा तथा अन्य संरचना हटाउन थालेको छ। कार्यालयले आइतबार बिहानैदेखि नहरको जानकीटोला र गण्डकचोकसम्म फैलिएको अतिक्रमण गरेर निर्माण गरिएका संरचना हटाउन सुरु गरेको हो। नहरको डिलमा स्थानीयले बनाएका घरटहरा, व्यापारका लागि पसल, माछापोखरीलगायत करिब ३०० भन्दा बढी संरचना हटाउन लागिएको कार्यालयले जनाएको छ। आइतबार बिहानदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतको सुरक्षामा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने काम भइरहेको छ।

कार्यालय प्रमुख मनोजप्रसाद पटेलले पर्सा जिल्लामा पर्ने नहरको करिब २६ किलोमिटर क्षेत्रफलमा अतिक्रमण हटाउने कार्य सुरुआत गरिएको जानकारी दिनुभयो। "गण्डक नहरको दुवैतर्फ चार वटा 'एस्काभेटर' प्रयोग गरेर अतिक्रमण हटाउने कार्य भइरहेको छ", उहाँले भन्नुभयो, "हाल पर्सामा हुरीसहितको पानी परेर प्रतिकूल मौसम भए पनि बिहानैदेखि अतिक्रमण हटाउने काम सुरु गरेका हौं।" नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् आयोजना सम्झौता भएको थियो। सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी सिँचाइ प्रणाली विकास गरिएको थियो।

उक्त सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहटका दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइका लागि भारतीय पक्षले आठ सय ५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ मा नेपाललाई हस्तान्तरण गरेको थियो। गण्डक नहर भारतीय भूमि हुँदै नेपाल–भारतको सीमाक्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ। यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ भने नहरको नौ वटा वितरण संरचना र ८७ वटा अन्य संरचनामार्फत पर्सा, बारा र रौतहटमा सिँचाइ गर्ने गरिन्छ।

कार्यालय प्रमुख पटेलले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भए पनि हाल २८ हजार हेक्टर क्षेत्रफलमा मात्रै सिञ्चित हुने गरेको छ।

# बाहुनी–परवानीपुर–घारिबथान सडक कालोपत्रे, स्थानीय खुसी

**जनार्जन खत्री**

सर्लाही, १३ वैशाख। मधेश प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' अन्तर्गत सर्लाहीको चुरेभेगस्थित बाहुनी–परवानीपुर–घारिबथान सडक कालोपत्रे भएको छ। चुरेपाखाको फेदीमा पर्ने लालबन्दी नगरपालिका–११, बाहुनी चोकदेखि सेतीभीर हुँदै लालबन्दी १५ को सतभैया, चिसापानी, परवानीपुर, भर्भरा, देउरालीबाट ईश्वरपुर नगरपालिका–१२, घारिबथानसम्मको सडक कालोपत्रे भएको हो।

पूर्वपश्चिम राजमार्गको विकल्पको रुपमा चुरेपाखा तल कालोपत्रे सडक निर्माण भएसँगै स्थानीय खुसी भएका छन्। अब घारिबथानदेखिका स्थानीयलाई चुरेपाखाको फेदी नै फेदी भएर लालबन्दी बजारसम्म कालोपत्रे सडक हुँदै आउन हुने भएको छ। अहिले पूर्वपश्चिम राजमार्ग विस्तारको क्रममा धुलाम्मे रहेकाले घारिबथान, परवानीपुर क्षेत्रका धेरैजसो स्थानीयले लालबन्दी बजारसम्म आउन भर्खरै कालोपत्रे भएको बाहुनी–परवानीपुर–घारिबथान सडक नै प्रयोग गर्न थालेका छन्।

यही सडक भएर यात्रा गर्नुभएका ईश्वरपुर नगरपालिका–१२, घारिबथानका गणेश बुढाथोकीले विकट क्षेत्रमा पक्की सडक भएसँगै यात्रा गर्न सहज भएको भन्दै खुसी व्यक्त गर्नुभयो। चुरेफेदीका गाउँहरुमा क्रमिक रुपमा पक्की सडक पुगेर जनजीवन सहज भए पनि खानेपानी र सिँचाईको असाध्य समस्या भएकाले यसतर्फ पनि ध्यान दिन उहाँले सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ। लालबन्दी नगरपालिका १५ का वडाध्यक्ष गोरखबहादुर बलले बाहुनी–परवानीपुर–घारिबथान सडक कालोपत्रे भएसँगै चुरेफेदीका गाउँको मुहार फेरिएको बताउनुभयो।

यसअघि ग्राभेल बाटो रहेको ठाउँमा अहिले पक्की सडक बनेसँगै लालबन्दी बजारसम्म आउन तथा तरकारी र अन्य कृषि उपज बिक्रीका लागि ल्याउन सहज भएको वडाध्यक्ष बलले जानकारी दिनुभयो। वडाध्यक्ष बलका अनुसार बाहुनी चोकदेखि घारिबथानसम्मको सडक खण्ड अन्तर्गत अब लालबन्दी १५ मा पर्ने देउराली डाँडादेखि फूलजोर खोलासम्म करिव ५०० मिटर सडक भने कालोपत्रे हुन बाँकी छ। देउराली डाँडाको ओरालोमा सडक साँघुरो रहेकाले त्यहाँ भने अली पछी ढुङ्गाको पर्खाल बनाएर सडक फराकिलो पारेर मात्र कालोपत्रे गरिने वडाध्यक्ष बलले बताउनुभयो।

यही सडक अन्तर्गत परवानीपुरस्थित कालिन्जोर खोलामा गत वर्ष पक्की पुल निर्माण भइसकेको छ। अब बाँकी रहेको फूलजोर खोलामा पनि पुल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको पूर्वाधार विकास कार्यालय मलङ्गवाले जनाएको छ। मधेश प्रदेश सभा सदस्य बेची लुङ्गेलीले सर्लाही १ (ख) को चुरेभेगका सम्पूर्ण नागरिक लाभान्वित हुने गरी बाहुनी–परवानीपुर–घारिबथान सडक कालोपत्रे गरिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो–"ऐतिहाँसिक यो सडक कालोपत्रे भएसँगै मेरो निर्वाचन क्षेत्र अन्तर्गत चुरभेगका दर्जनौं बस्तीका वासिन्दा प्रत्यक्ष लाभान्वित भएका छन्।" बाहुनी–परवानीपुर–घारिबथान सडक कालोपत्रेका लागि एस.आर. कन्स्ट्रक्सन बामगती सर्लाहीले १३ करोड १२ लाख ३७ हजार ५०३ रुपियाँ २३ पैसामा ठेक्का सकार गरेको छ। पूर्वाधार विकास कार्यालय मलङ्गवाका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर बिजय यादवका अनुसार भर्खरै कालोपत्रे भएको सडकमा स्पीड लिमिट बोर्ड, पेन्टिङलगायतका केही काम मात्र बाँकी छन्। सिडिई यादवका अनुसार बाहुनी–परवानीपुर–घारिबथान सडक अक्सफाल्ट प्रविधिबाट कालोपत्रे भएको हो।

# सर्लाहीका आधारभूत अस्पताल आएनन् सञ्चालनमा

सर्लाही, १३ वैशाख। पाँच वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गर्नुभएको सर्लाहीको अधिकांश आधारभूत अस्पताल सञ्चालनमा आउन सकेका छैनन्। ओलीले २०७७ मङ्सिर १५ गते देशभर तीन सय बढी पालिकामा १५ श–याका आधारभूत अस्पताल 'भर्चुअल' माध्यमबाट एकैसाथ शिलान्यास गर्नुभएको थियो। सर्लाहीमा त्यसबेला शिलान्यास भएकामध्ये हरिवनस्थित सासापुरमा मात्र अस्पताल भवन निर्माण भएर प्रयोगमा ल्याइएको छ।

अन्य पालिकामा भने कतै भवन बनेर अलपत्र छ भने कतै विवादका कारण अस्पताल भवन नै बन्न सकेन। जिल्लाको चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कृष्णकुमार यादवले आधारभूत अस्पतालको भवन तयार भए पनि जनशक्ति नहुँदा सञ्चालनमा समस्या परेको गुनासो गर्नुभएको छ। आधारभूत अस्पताल सञ्चालनका लागि संघीय सरकारले दरबन्दी कायम गरिदिने आसमा बसेको चक्रघट्टा गाउँपालिकाका अध्यक्ष यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "संघीय सरकारले डाक्टर र अन्य स्वास्थ्यकर्मी दिन्छ कि भन्ने आस छ तर संघले नदिए पनि अब गाउँपालिकाबाटै करारमा नियुक्त गरेर भए पनि अस्पताल चलाउनुपर्ला भन्ने सोच्दै छौं।" यहाँका पालिकाले आन्तरिक स्रोतबाट मात्र आधारभूत अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको बताएका छन्। सर्लाहीको सीमावर्ती क्षेत्रस्थित गोडैता नगरपालिकामा पनि १५ श–याको अस्पताल तयार भइसके पनि सञ्चालन हुन सकेको छैन।

गोडैताका नगरप्रमुख देवेन्द्रकुमार यादवले अस्पताल भवन तयार भए पनि संघीय सरकारले तत्काल कुनै प्रकारको खर्च गर्न नसकिने र दरबन्दी पनि सिर्जना गर्न सक्ने अवस्था नरहेको बताएकाले अस्पताल सञ्चालन अन्योलमा रहेको बताउनुभयो। एमबिबिएस चिकित्सक राखेर पालिका एक्लैले अस्पताल सञ्चालन गर्न सक्ने अवस्था नरहेको नगरप्रमुख यादवको भनाइ छ। अस्पताल बनिसकेको र दरबन्दी नरहेकोबारे प्रतिनिधि सभा सदस्य डा. अमरेशकुमार सिंह र मधेश प्रदेशका स्वास्थ्यमन्त्री जङ्गीलाल राय यादवलाई निरीक्षणका क्रममा जानकारीसमेत गराइसकेको नगरप्रमुख यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "दरबन्दी पार्न संघ र प्रदेश दुवैतर्फ पहल गरिरहेको छु तर कुनै उपाय लागेको छैन।"

आधारभूत अस्पताल अलपत्र रहँदा सर्लाहीका २० पालिकाका बासिन्दा मलङ्गवामा रहेको प्रादेशिक अस्पताल तथा लालबन्दी, हरिवन, बरहथवा र बयलवासमा रहेको नगर अस्पतालको भरमा छन्। सरकारी अस्पतालप्रति अझै पनि नागरिकस्तरमा विश्वास कायम हुन नसक्दा निजी स्वास्थ्य संस्थामा आकर्षण कायमै रहेको लालबन्दी नगरपालिका–६ का राजन पोखरेलले बताउनुभयो।

निर्माण भएका आधारभूत अस्पताल सञ्चालनमा नआउँदा र साबिकका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवाकेन्द्रबाट प्रभावकारी सेवा प्रवाह नहुँदा ग्रामीण भेगको पालिकाका बासिन्दा सामान्य बिरामी पर्दा पनि सदरमुकाम मलङ्गवा तथा बजार क्षेत्रका निजी स्वास्थ्य संस्थामा धाउन बाध्य भएका हुन्।

## *शिक्षा क्षेत्र ...*

२०७५ बमोजिम संस्थागत विद्यालयले अनिवार्य रूपमा छात्रवृत्ति उपलब्ध गराउनका लागि मन्त्रालयबाट सबै स्थानीय तहलाई परिपत्र भई सोको प्रतिवेदनसमेत प्राप्त भइसकेको छ ।

जेनजी आन्दोलनबाट प्रभावित परिवार र नागरिकलाई सरकारी सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीका अवसर, सीप, विकास, मनोसामाजिक परामर्श तथा पुनःस्थापना गर्न मन्त्रालयबाट परिपत्र भएको छ। प्रमाणपत्रहरू नागरिकले आधिकारिक मोबाइल एप, नागरिक एप वा इमेलमा डाउनलोड गर्न मिल्ने व्यवस्था मिलाउन विश्वविद्यालयलाई पत्राचार गरिएको छ। नेपाललाई आरोग्य पर्यटनको 'हब' बनाउन पाठ्यक्रम विकास केन्द्रलाई मौजुदा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जनका बखत आरोग्य पर्यटनको नीति र सिद्धान्तलाई अनुशरण गर्न परिपत्र गरिएको छ।

**अब घरबाटै 'एनओसी लेटर'**

वैदेशिक अध्ययनमा जाने विद्यार्थीले अब घरबाटै वैदेशिक अध्ययन अनुमतिपत्र 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिनसक्ने भएका छन्। शिक्षा मन्त्रालयअन्तर्गतको एनओसी शाखाले 'एनओसी सर्टिफिकेट'लाई फेसलेस बनाउन एनओसी अनलाइन पोर्टल र त्रिभुवन विश्वविद्यालय (त्रिवि) तथा काठमाडौँ विश्वविद्यालय( केयु)बिच हालै एपिआई गर्ने कार्य सम्पन्न गरेको हो।

केयुसँग यसअघि नै सम्झौता भइसकेको छ। योसँगै विद्यार्थीले घरमै बसेर अनलाइनमार्फत एनओसीका लागि आवेदन दिन सक्नेछन्। अटिजम भएका बालबालिकालाई सहज, सरल र प्रभावकारी सेवा उपलब्ध गराउने उद्देश्यसहित सरकारले सातै प्रदेशमा अटिजम नमुना विद्यालय स्थापना गर्ने घोषणा गरेअनुरूप उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन विभिन्न मन्त्रालयबिच समन्वय गरी अवधारणापत्र तयार गर्न प्राविधिक समिति गठन गरिएको छ ।

# बलात्कार पीडित महिलाको बिचल्ली

**विजयकुमार साह**

ढल्केबर, १३ वैशाख। धनुषामा बलात्कार घटनाका पीडित एक महिलाले पतिले समेत साथ छाडेपछि बिचल्लीमा परेको बताउनुभएको छ। उहाँले घटनापछि पतिले साथ छाडेपछि आफू थप पीडामा परेको बताउनुभयो। धनुषाको सबैलाई नगरपालिका–३, की ति महिलाले गत पुस ६ गते आफू बलात्कारमा परेको भन्दै चैत १ गते जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएको बताउनुभयो।

तर जाहेरी दर्ता भएको लामो समय बितिसक्दा पनि आरोपित पक्राउ नपरेको र आफू घरबारविहीन अवस्थामा पुगेको उहाँले दुखेसो सुनाउनुभयो। उहाँका अनुसार २०८२ पुस ६ गते साँझ जनकपुरधाम–४, मुरली चोक क्षेत्रमा 'प्रसाद' भन्दै दिएको लु, खाएपछि आफू बेहोस भएको र सोही अवस्थाको फाइदा उठाउँदै आरोपितले आफ्नो इच्छाविपरीत करणी गरेको जानकारी दिनुभयो। आरोपित सबैलाई नगरपालिका–३, का अमिस महरा रहेको जाहेरीमा उल्लेख छ जाहेरी अनुसार आरोपितले घटनाको भिडियोसमेत बनाएको र सार्वजनिक गर्ने तथा परिवारलाई हानी पुऱ्याउने धम्की दिँदै बारम्बार करणी गरेको उल्लेख छ।

घटनापछि श्रीमान्ले गलत बुझाइका कारण घरबाट निकालिदिएकाले हाल आफू माइतमा बस्दै आएको ति महिलाको भनाइ छ। पीडक जनकपुरधामस्थित एक अस्पतालमा कार्यरत रहेको र खुलेआम हिँडडुल गरिरहे पनि प्रहरीले पक्राउ नगरेको उहाँको गुनासो छ। दोषीमाथि कारबाही नभएको र पारिवारिक साथसमेत गुमाउँदा आफू बिचल्लीमा परेको उहाँले सुनाउनुभयो। उहाँले दोषीमाथि तत्काल कारबाही गर्न र आफूलाई न्याय दिलाउन सम्बन्धित निकायसँग माग गर्नुभयो।

# लागुऔषध ट्याब्लेट र क्याप्सुलसहित एकजना पक्राउ

**जयकृष्ण यादव**

इनरुवा, १३ वैशाख। सुनसरीको इटहरीमा लागुऔषध ट्याब्लेट र क्याप्सुलसहित एक जना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय इटहरी, सुनसरीबाट खटिएको प्रहरी टोलीले इटहरी उपमहानगरपालिका–११ बाट २९ वर्षीय मोहमद सहनेवाजलाई ठुलो परिमाणको लागुऔषधसहित पक्राउ गरेको हो। इलाका प्रहरी कार्यालयका अनुसार इटहरी–११ स्थित शारदा बिकको घरमा डेरा गरी बस्दै आएका भारतको बिहार राज्य, नरपतगञ्ज स्थायी ठेगाना भएका मोहमद सहनेवाजको कोठाबाट लागुऔषध ट्रामाडोलका ५० हजार ५४० क्याप्सुल र डाइक्लोमिनका नौ हजार पाँच सय ट्याब्लेट गरी कुल ६० हजार ६० ट्याब्लेट/क्याप्सुल बरामद गरिएको हो ।

उक्त लागुऔषधसहित उनलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय इटहरीमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)